## पृष्ठभूमिः (Detailed Background)

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकको रुपमा प्रत्याभुत गरेको सन्दर्भमा, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन। **स्वास्थ्य सम्बन्धी हक** (धारा ३५) अन्तर्गत एच.आई.भि. संक्रमितहरुलाई राखिएको छ। यसका साथै, संक्रमितहरुको मर्यादित जीवन र गोपनीयताको सुरक्षाका लागि संविधानको **सम्मानपूर्वक बाँच्न पाउने हक** (धारा १६) र **गोपनीयताको हक** (धारा २८) समेत आकर्षित हुन्छन्। एच.आई.भि. तथा एड्सको रोकथाम र संक्रमितहरुको अधिकार संरक्षणका लागि नेपाल सरकारले विभिन्न राष्ट्रिय नीति तथा कानुनी व्यवस्था समेत गरेको छ ।

सोही अनुरुप आर्थिक वर्ष २०८२/०८३ मा मेल्लेख गाउँपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा बाट कार्यान्वयन हुनेगरी एच.आई.भि. संक्रमितहरुलाई पोसिलो खाद्यान्न वितरण कार्यक्रम संचालन गरिएको छ ।



एच.आई.भि.संक्रमितहरुलाई पोषणयुक्त खाद्यान्न वितरणको तस्वीरः

मेल्लेख गाउँपालिका, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाले मिति २०८२/१२/३० गतेका दिन यस पालिकामा रहेका सम्पुर्ण एच.आई.भी.संक्रमितहरुको स्वास्थ्य सुधारका लागि पोषणयुक्त खाद्य्यन्न वितरण कार्यक्रम सञ्चालन गरेको छ।

**१. कार्यक्रमको उदेश्यः** मेल्लेख गाउँपालिकामा रहेका सम्पुर्ण एच.आई.भी. संक्रमितहरुलाई पोषणयुक्त खाद्य्यन्न वितरण प्रतिरोधात्मक  शक्ति प्राप्त होस भन्ने रहेको छ ।

१.१ सञ्चालन मितिः २०८२/१२/३० गते



१.२ सञ्चालन स्थानः मेल्लेख गाउँपालिका गाउँकार्यपालिकाको सभाहल भित्र ।

१.३ उद्देश्यः

- एच.आई.भी. संक्रमितहरुको स्वास्थ्य सुरक्षामा टेवा पुर्याउन ।
- पोषणयुक्त खाद्य्यान्नले विरामिको दिर्घ जिवन जिउन सहयोग पुर्याउन ।

- एच.आई.भी. संक्रमितहरु लाई स्थानिय सरकार साथमा छ भन्ने अनुभुत गराउन ।

१.४ स्वीकृत रकमः

रु. १,१०,०००/- (अक्षरमाः एक लाख दश हजार मात्र)

१.५ उपलब्ध गराइएको तथा भुक्तानी माग गरिएको रकम रु. १,२०,०००/-

२. कार्यक्रमका मुख्य गतिविधिहरू

२.१ उद्घाटन तथा स्वागत

कार्यक्रम अनौपचारीक रुपमा गरियो जसमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथ महिला तथा बालबालिका शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुखको उपस्थिति रहेको थियो ।

२.२ टीकाटिप्पणी तथा सांस्कृतिक प्रस्तुति

- खाद्य्यान्नको मात्रा बढाईनु पर्नेमा लाभग्रही हरुले माग प्रस्तुत गर्नुभयो ।

२.३ संबोधन तथा सन्देश

मुख्य अतिथि तथा अन्य वक्ताहरूले

- एच.आई.भी. एडसको बारेमा
- संक्रमित भैई सकेपछि औषधिको नियमितता बारे ।

बारे प्रेरणादायी मन्तव्यहरू दिएका थिए।

३. निष्कर्ष

कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो। यसले यस मेल्लेख गाउँपालिका भित्र रहेका सम्पुर्ण एच.आई.भी. संक्रमितहरुको सामाजिक एकता, सांस्कृतिक पहिचान र चेतनाको वृद्धि गराएको छ। आगामी दिनमा यस किसिमका कार्यक्रम निरन्तर सञ्चालन गर्न सके अझ प्रभावकारी हुने देखिन्छ।

धन्यबाद